नेपाल भूकम्प - २०१५

# विपद्पछिको आवश्यकता आँकलन

## Post Disaster Needs Assessment (PDNA)

## कार्यकारी सारांश



नेपाल सरकार

राष्ट्रिय योजना आयोग

काठमाडौं, २०१५

नेपाल भूकम्प - २०१५

# विपद्पछिको आवश्यकता आँकलन

## Post Disaster Needs Assessment (PDNA)

### कार्यकारी सारांश

(अनौपचारिक अनुवाद)

नेपाल सरकार
राष्ट्रिय योजना आयोग



# कार्यकारी सारांश

## पृष्ठभूमि

नेपाल विश्वका अति भूकम्पीय जोखिम भएका मुलुकहरुमध्ये ११ औं स्थानमा पर्छ ।[१] विक्रम संवत १३२२ को पहिला अभिलेखवद्ध भूकम्प जसले काठमाडौं उपत्यकाका एक-तिहाई जनसंख्या सहित यहाँका राजा अभय मल्लको समेत ज्यान लिएको थियो, सो पश्चात हालसम्म नेपालले केही पुस्तान्तरमा ठूला भूकम्पको अनुभव गरिरहेको छ । विक्रम संवत १९९० को महाभुकम्प (८.४ म्याग्निच्युड) ले काठमाडौं उपत्यकामा मात्र १०,००० को ज्यान लिएको थियो । अधिकांस पूर्वाधार र धेरैजसो सांस्कृतिक सम्पदा स्थलहरु पुनर्निर्माण गर्नुपरेको थियो । त्यसपछिका विक्रम संवत २०३७, २०४५ र २०६८ का भूकम्पले पनि व्यापक मानवीय तथा भौतिक क्षति पुऱ्याएको देखिन्छ ।


विक्रम संवत २०७२ बैशाख १२ गते (सन् २०१५ अप्रिल २५) शनिबारका दिन स्थानीय समय अनुसार ११:५६ बजे नेपाल भूकम्प मापन केन्द्रद्वारा मापन गरिएको ७.६ म्याग्निच्युडको भूकम्पले काठमाडौंबाट ७६ किलोमिटर उत्तरपश्चिममा रहेको ऐतिहासिक गोरखाको बारपाकलाई केन्द्रबिन्दू बनायो । नेपालले ८० वर्षयता यस्तोखालको प्राकृतिक विपत्ति सामना गरेको थिएन ।

विनाशकारी भूकम्पपछि ३०० भन्दा बढी ४.० म्याग्निच्युड माथिका पराकम्पहरु (२०७२ जेठ २४–७ जुन, २०१५ सम्मको) आइसकेका छन् । विनाशकारी भूकम्पको १७ दिनपछि सगरमाथा नजिक केन्द्रबिन्दू भएर आएको ६.८ म्याग्निच्युडको पराकम्पसहित यस अवधीमा ६.० म्याग्निच्युड माथिका चार पराकम्पहरु मापन भएका छन् । हालसम्म ८,७९० जनाको मृत्यु भएको छ भने २२,३०० घाइते भएका छन् । करिब ८० लाख जनसंख्या अर्थात नेपालको कुल जनसंख्याको एक तिहाइ संख्या भूकम्पले प्रभावित भएका छन् । देशका ७५ जिल्लामध्ये ३१ जिल्ला भूकम्पबाट प्रभावित भएका छन् जस मध्ये १४ जिल्ला उद्धार र राहत वितरणको उद्देश्यले संकटग्रस्त (चित्र १) घोषणा भएका छन् भने अन्य १७ छिमेकी जिल्लाहरु आंशिकरुपमा प्रभावित भएका छन् ।

यसले आवासीय तथा सरकारी भवनहरु, सांस्कृतिक सम्पदाहरु, विद्यालय तथा स्वास्थ्यचौकीहरु, ग्रामीण सडक, पुलहरु, पानी आपूर्ति प्रणाली, कृषियोग्य जमिन, पदयात्रा मार्ग, जलविद्युत गृह तथा खेलकुदका संरचनाहरु विनाश गरेको छ । पुनर्निर्माण योजनामा दुरगामी असर पार्ने गरी भूसतहका तेर्सो र ठाडो नियन्त्रण बिन्दू सहित भू-सञ्जाल केन्द्रहरु क्षतिग्रस्त भएका छन् । सडकमा क्षति र अवरोधका कारण विशेषगरी मध्य र पश्चिम क्षेत्रका ग्रामीण भूभागहरु  तहसनहस र थप उजाड भएका छन् । सम्पर्क टुटेको अवस्था छ । नराम्रो गरी क्षति पुगेका लाङटाङ जस्ता केही पर्यटकीय गन्तव्य लगायतका क्षेत्रहरुमा सम्पूर्ण बसोबास नै भूकम्पका कारण आएको पहिरो र हिमपहिरोका कारण पुरिएका छन् । कमजोर, फाटिएको तथा अस्थिर भीरालो सतहका कारण कमजोर जोखिमयुक्त क्षेत्रहरु मनसुनको समयमा बाढी र पहिरोको थप खतरामा पर्ने देखिन्छ ।[२]

कम्तीमा एक शताब्दी पुराना ऐतिहासिक तथा सांस्कृतिक स्मारकहरु सयौंको संख्यामा यात नष्ट भएका छन् वा व्यापक मात्रामा क्षतिग्रस्त छन् । पाँच लाख भन्दा बढि घरहरु नष्ट भएका छन् । यो क्षतिले भूकम्प प्रतिरोधी कुनै

**चित्र १: भुकम्प प्रभावित जिल्लाहरुको बर्गिकरण**




श्रोत: नेपाल सरकार, गृह मन्त्रालय (२०७२ जेष्ठ ११)

[१] संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम २००९

[२] अमेरिकी भौगर्भिक युनियन

योजना अथवा भवन संहिता पालना नभएको जस्ता कमजोरी उदाङ्गो पारेको छ । यो विपत्तिले नेपाली समाजमा भूगोलिक, लैङ्गिक तथा आयका आधारमा भएको असमानतालाई छर्लंग पारेको छ । ग्रामीण क्षेत्रका गरिबहरु उनीहरुका कमसल गुणस्तरका घरका कारण सहरी क्षेत्रको तुलनामा बढी प्रभावित भएका छन् । पुरुष र युवाहरुभन्दा लैंगिक भूमिकाका आधारमा घरभित्रको काम तुलनात्मक रुपमा बढी गर्ने महिला र किशोरीहरुको बढी मृत्यु भएको छ ।

पहिलो भूकम्पको समय र दिनका कारणले पनि धेरैको जीवन बचेको अनुभव गरिएको छ । वैशाख १२ गते शनिबार साप्ताहिक बिदाको दिन भएकोले देशभरका विद्यालहरु बन्द थिए । त्यसो नभएको भए बालबालिको मृत्युको संख्या वृद्धि हुनसक्थ्यो किनकी ७,००० विद्यालयहरु पूर्णरुपमा वा ठूलो रुपमा क्षति भएका छन् । यस्तै, मध्य दिनमा नभएर भूकम्प रातीको समयमा आएको भए अझ धेरै ठूलो संख्यामा मानिसहरु मारिने थिए ।

पहिलो भूकम्पको समय र दिनका कारणले पनि धेरैको जीवन बचेको अनुभव गरिएको छ । वैशाख १२ गते शनिबार साप्ताहिक बिदाको दिन भएकोले देशभरका विद्यालहरू बन्द थिए । त्यसो नभएको भए बालबालिको मृत्युको संख्या वृद्धि हुनसक्थ्यो किनकी ७,००० विद्यालयहरू पूर्णरूपमा वा ठूलो रूपमा क्षति भएका छन् । यस्तै, मध्य दिनमा नभएर भूकम्प रातीको समयमा आएको भए अझ धेरै ठूलो संख्यामा मानिसहरू मारिने थिए ।

## उद्धार कार्य तथा बाह्य सहयोग

नेपाल सरकारले बैशाख १२ गते (अप्रिल २५) को विपत्ति घटेको केही घण्टाभित्रै संकटकाल घोषणा गर्दै अन्तर्राष्ट्रिय सहयोगका लागि औपचारिक अनुरोध गर्‍यो । नेपालको राष्ट्रिय विपद् प्रतिकार्य खाकाले भुकम्प पश्चातको सरकारको प्रयास, निर्णय र निर्देशनलाई समन्वयतात्मक ढंगले कार्यान्वयन गर्न प्रमुख औजारको रुपमा भूमिका निर्वाह गर्‍यो । पहिलो भूकम्पको दुई घण्टापछि राष्ट्रिय आपतकालीन सञ्चालन केन्द्र (नेशनल इमर्जेन्सी अपरेसन सेन्टर) मा बसेको केन्द्रीय दैवीप्रकोप उद्धार समितिको पहिलो बैठकले खोजी तथा उद्धार कार्य एवं जीवन रक्षाका कार्यमा केन्द्रीत रहने निर्णय गरेको थियो । प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषबाट वित्तिय स्रोत तत्काल‍ै विनियोजन गर्नुका साथै सरकारका विभिन्न ११ क्षेत्रगत संयन्त्रहरु तुरुन्तै सक्रिय भएका थिए ।

तत्काल राहत, खोजी तथा उद्धारका लागि दातृ निकायसँग विभिन्न चरणमा बैठकहरु भए । यो घटना घट्नुअघिसम्म नेपालसँग एकीकृत खोजी तथा उद्धार संयन्त्र थिएन । तथापि प्रशिक्षित नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीले आफ्ना थुप्रै सीमितताका बाबजूद प्रभावकारी खोजी तथा उद्धार कार्य सञ्चालन गरे । विपद्को केही घण्टा भित्रै आकस्मिक उद्धार सहायताका लागि भारतीय राष्ट्रिय विपद् प्रतिकार्य बल, भारतीय वायु सेना तथा भारतीय सैनिक मेडिकल पल्टन काठमाडौंमा अवतरण गर्‍यो ।

क्रमशः ३४ देशका १३४ अन्तर्राष्ट्रिय खोजी तथा उद्धार टोलीले नेपालको सहयोगको अपिललाई स्वीकार गर्दै काठमाडौं ओर्लिए । गृह मन्त्रालयका अनुसार, खोजी तथा उद्धार कार्यका लागि हेलिकप्टरबाट ४,२३६ उडान गरी ७,५५८ मानिसहरुको उद्धार हेलिकप्टरबाट र ४,६८९ मानिसहरुको स्थल मार्गबाट उद्धार गरियो । ९० प्रतिशत भन्दा बढि सुरक्षा फौजलाई खोजी तथा उद्धारमा लगाइएको थियो । समग्रमा, २२,५०० निजामति कर्मचारी, ६५,०५९ नेपाली सेना, ४१,७७६ नेपाल प्रहरी, २४,७७५ सशस्त्र प्रहरी तथा ४,००० सरकारी तथा निजी स्वास्थकर्मीहरु उद्धार तथा राहतकार्यका लागि परिचालन भएका थिए ।

संयुक्त राष्ट्रसंघ लगायत विभिन्न अन्तर्राष्ट्रिय संघसंस्था र ६० देशहरुबाट आपतकालीन उद्धार तथा मानवीय सहायता प्राप्त भयो । मित्र राष्ट्रहरुबाट केही निश्चित उडानमार्फत् र नेपालमा उडान भर्ने अन्य जहाजहरु मार्फत मुलुकमा राहत सामग्री आपूर्ति गर्ने तथा सोलाई दुर्गम क्षेत्रमा लगेर वितरण गर्ने काम गरियो । भुकम्प लगत्तै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा निर्माण गरिएको मानवीय सहयोग संलकन केन्दमार्फत विमान र ट्रकहरुबाट प्राप्त सहयोग सामाग्रीहरु संकलन गर्न र तत्कालै प्रभावित क्षेत्रमा पठाउन सम्भव भयो ।

संयुक्त राष्ट्रसंघले २०७२ बैशाख १६ गते (२९ अप्रिल २०१५) मा तीन महिनाभित्र नेपालमा संवेदनशील मानवीय आवश्यकता पुरा गर्नका लागि ४२ करोड २० लाख अमेरिकी डलर सहायता आवश्यक रहेको भन्दै सहायताका लागि अपिल गर्‍यो । अहिलेसम्म १२ करोड ९१ लाख अमेरिकी डलर अर्थात् आवश्यकताको ३१ प्रतिशत सहयोग प्राप्त भएको छ ।[३]

काठमाडौंका तोकिएका खुला स्थानहरुमा सरकारी तवरमा तत्कालै अस्थायी आश्रयको निर्माण गरियो । यद्यपि, घर सकुशल रहेका परिवारले पनि घरमा बस्न डराई खुला ठाउँमा बस्नका लागि अस्थायी आश्रयको खोजी गरेबाट गैर-खाद्य वस्तु विशेषगरी त्रिपाल लगायतको आपूर्ति अपर्याप्त देखिन गयो ।

[३] संयुक्त राष्ट्रसंघको मानवीय सहायता समन्वयकर्ताको कार्यालय २०१५

विपद् पश्चात सामुदायिक सदस्य खासगरी युवाहरु सक्रियतासाथ काममा उत्रे । उनीहरुले तिनका छिमेकीहरुलाई पुरिएका ठाउँ खनेर निकाल्नुका साथै उद्धार र राहत टोली पुग्नुअघि आफ्नातर्फबाट सकेको सहयोग गरे । निर्वाचित निकायको अभाव र वर्षौंदेखि न्यून संख्यामा रहेका कर्मचारीले काम गरिरहेको स्थानीय सरकार साँच्चिकै कमजोर थियो । धेरै स्थानीय अधिकारीहरुको घर भत्किनुका साथै उनीहरुले आफन्तहरु समेत गुमाएका थिऐ । अझै केही प्रभावित गाउँहरुको दुर्गमता तथा खराब मौसमका कारण शुरुका केही दिनसम्म राहत कार्यमा अवरोध पुगिरहेको थियो । जिल्ला तहका सेवा प्रदायक कार्यालयहरुमा पनि नराम्ररी क्षति पुगेको अवस्थामा धेरै कार्यालयहरु खुला ठाउँमा पाल तथा अस्थायी आवास बनाई सञ्चालनमा ल्याइएको थियो ।

गैरसरकारी संस्थाहरु र नेपालमा काम गरिरहेका अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाका सञ्जाल पनि बिस्तारै उद्धार तथा राहतका काममा केन्द्रीत हुँदै गरेका थिए । कयौं स्वयंसेवी समूहहरु, खासगरी युवा र डाक्टर, इन्जिनियरजस्ता पेशाकर्मीहरु घाइतेहरुको उपचार, अस्थायी घर टहरा निर्माण, खाद्य वस्तुको आपूर्ति लगायतका काममा सक्रिय थिए ।

## विपद्का असरहरु


विनाशकारी भूकम्प र शक्तिशाली पराकम्पहरुका कारण घरवारबिहीन भएका र घरमा बस्न डराएका व्यक्ति एक साथ लाखौंको संख्यामा खुला ठाउँमा बाहिर निस्केपछि ठूलो मानवीय चुनौती देखापऱ्यो । यसले सरकार र परोपकारी संस्थाहरुमाथि अस्थायी बसोबासको प्रबन्ध गर्ने र अत्यावश्यक वस्तुहरुको

**तालिका १: विपद्बाट उत्पन्न असरहरुको साराँश**

| | विपत्तिका असरहरु (रु. दस लाखमा) | | | विपत्तिका असरहरुको वितरण (रु. दस लाखमा) | | व्यक्तिगत आम्दानीमा परेको असर (रु. दस लाखमा) |
|---|---|---|---|---|---|---|
| | **क्षति** | **ध्वस्त** | **जम्मा** | **व्यक्तिगत** | **सार्वजनिक** | |
| **सामाजिक क्षेत्र** | **३५५,०२८** | **५३,५९७** | **४०८,६२५** | **३६३,२४८** | **४५,३७७** | - |
| आवास र मानव वस्ती | ३०३,६३२ | ४६,९०८ | ३५०,५४० | ३५०,५४० | - | - |
| स्वास्थ्य | ६,४२२ | १,१२२ | ७,५४४ | १,३९४ | ६,१५० | - |
| शिक्षा | २८,०६४ | ३,२५४ | ३१,३१८ | २,३६५ | २८,९५३ | - |
| सांस्कृतिक सम्पदा | १६,९१० | २,३१३ | १९,२२३ | ८,९४८ | १०,२७४ | - |
| **उत्पादनमूलक क्षेत्र** | **५८,०७४** | **१२०,०४६** | **१७८,१२१** | **१५८,०७९** | **२०,०४३** | **१७,१२४** |
| कृषि | १६,४०५ | ११,९६२ | २८,३६६ | २५,८१३ | २,५५३ | ४,६०३ |
| सिंचाई | ३८३ | - | ३८३ | - | ३८३ | - |
| बाणिज्य | ९,०१५ | ७,९३८ | १६,९५३ | १६,९५३ | - | २,६६७ |
| उद्योग | ८,३९४ | १०,८७७ | १९,२७१ | १९,२७१ | - | ३,६५४ |
| पर्यटन | १८,८६३ | ६२,३७९ | ८१,२४२ | ७५,१०५ | ६,१३७ | ६,२०० |
| अर्थ/वित्त | ५,०१५ | २६,८९० | ३१,९०५ | २०,९३७ | १०,९६९ | - |
| **पूर्वाधार क्षेत्र** | **५२,४६०** | **१४,३२३** | **६६,७८३** | **१७,२८१** | **४९,५०२** | - |
| विद्युत | १७,८०७ | ३,४३५ | २१,२४२ | १५,५६९ | ५,६७३ | - |
| संचार | ३,६१० | ५,०८५ | ८,६९५ | १,७१२ | ६,९८३ | |
| सामुदायिक पूर्वाधार | ३,३४९ | - | ३,३४९ | - | ३,३४९ | - |
| यातायात | १७,१८८ | ४,९३० | २२,११८ | - | २२,११८ | - |
| खानेपानी तथा सरसफाई | १०,५०६ | ८७३ | ११,३७९ | - | ११,३७९ | - |
| **अन्तरसम्बन्धित क्षेत्र** | **५१,८७२** | **१,०६१** | **५२,९३३** | **१,७५५** | **५१,१७८** | - |
| सुशासन | १८,७५७ | - | १८,७५७ | - | १८,७५७ | - |
| विपदीय जोखिम निदान | १५५ | - | १५५ | - | १५५ | - |
| वातावरण र बनजंगल | ३२,९६० | १,०६१ | ३४,०२१ | १,७५५ | ३२,२६७ | - |
| **जम्मा** | ५१७,४३४ | १८९,०२७ | ७०६,४६१ | ५४०,३६२ | १६६,१०० | १७,१२४ |
| **जम्मा (अमेरिकी डलरमा)** | **५,१७४** | **१,८९०** | **७,०६५** | **५,४०४** | **१,६६१** | **१७१** |

श्रोत: बिपदपछिको आवश्यकता आंकलन समूहद्वारा अनुमानित

**चित्र २: विपत्तिबाट उत्पन्न असरहरुको क्षेत्रगत हिस्सा**




श्रोत: विपदपछिको आवश्यकता आंकलन समूहद्वारा अनुमानित

आपूर्तिको भीमकाय माग थोपरिदियो । विपत्तिको एक महिनाभन्दा लामो अवधिसम्म दशौं हजार मानिसहरु पहिरो र बाढीको जोखिमबाट बच्नका लागि सुरक्षित ठाउँमा अस्थायी आवासको प्रबन्ध गरी बसिरहेका छन् । यस परिस्थितीमा नेपालको दुर्गमता, अग्लो-होचो भौगोलिक बनावट, पहिरोको जोखिम तथा अन्य कठिनाइका कारण राहत वितरणमा कठिनाइ रह्यो । शुरुका दिनहरुमा, जिल्लामा राहत वितरणको समन्वयकारी निकाय जिल्ला प्रशासन कार्यालय पूर्ण सजग हुनुपर्ने देखियो, किनकी राहत वितरणमा दोहोरोपन भएको, खासगरी सहज पहुँच भएका सडक आसपासका गाउँहरुले बढी राहत सामग्री पाएको अवस्था थियो ।

भूकम्पका कारण भएको क्षतिको अनुमानित मूल्य ७०६ अर्ब रूपैयाँ अर्थात् ७ अर्ब डलर बराबर रहेको छ ।

धान रोप्ने समय भन्दा केही हप्ता अघि आएका भूकम्पका कारण ग्रामीण क्षेत्रका निर्वाहमुखी घरपरिवार नराम्ररी प्रभावित भएका छन् । अधिकांश क्षति निजी घरहरु, व्यावसायिक भवन, खेतबारी तथा पशुपंक्षीमा भएको अनुमान छ । त्यस्तै सार्वजनिक सम्पत्तिहरु जस्तै: सडक, विद्यालय, सांस्कृतिक सम्पदा, स्मारक, अस्पतालहरुमा पनि क्षति पुगेको छ । संयुक्त राष्ट्रसंघीय जनसंख्या कोषका अनुसार प्रभावित १४ जिल्लामा दश लाख बालबालिका, प्रजनन उमेर समूहका १४ लाख महिला, १३८,००० गर्भवती वा आगामी १२ महिनाभित्र गर्भवती हुने संख्या रहेको छ । यिनीहरु मध्ये १८,६०० महिलाहरुलाई प्रसवसम्बन्धि हेरचाह सुविधा आवश्यक छ ।

भूकम्पका कारण भएको क्षतिको अनुमानित मूल्य ७०६ अर्ब रुपैयाँ अर्थात् ७ अर्ब डलर बराबर रहेको छ । यो मध्ये ५१७ अर्ब रुपैंया (अर्थात् ७६ प्रतिशत) भौतिक सम्पत्तिको क्षति हो भने १८९ अर्ब रुपैंया (अर्थात् २४ प्रतिशत) भूकम्पीय क्षतिका कारण वस्तु तथा सेवा उत्पादनमा बढ्नजाने लागत हो । यी अनुमान विभिन्न क्षेत्रहरुबाट संकलन गरिएका क्षतिको तथ्यांकमा आधारित छन् । तथ्यांक संकलनमा दोहोरोपन आउन दिइएको छैन ।

प्रभावको सापेक्ष वितरण, क्षतिसँगसँगै नोक्सानी, खास कारणले भौगर्भिक घटनाका कारण निम्तिएको प्राकृतिक विपत्तिबाट सिर्जित हो, जहाँ ठूलो परिमाणमा टीकाउ सम्पत्ति तथा संरचना क्षतविक्षत भएका छन् ।

विपद्ले निम्त्याएको कुल क्षतिमध्ये सामाजिक तथा आर्थिक गतिविधिमा सबैभन्दा बढी सामाजिक क्षेत्रमा ५८ प्रतिशत असर देखिन्छ, यसले घरहरुको क्षतिलाई पनि समावेश गरेको छ । त्यसपछि उत्पादनमूलक क्षेत्रमा २५ प्रतिशत, पूर्वाधारमा १० प्रतिशत र अन्य क्षेत्रमा ७ प्रतिशत क्षति भएको छ ।

सामाजिक र आर्थिक क्षेत्रका गतिविधि र विपद्को असर वितरणले पुनर्स्थापना तथा पुनर्निर्माण रणनीतिलाई दिशानिर्देश गर्दछ । सबैभन्दा बढी क्षति भएको घर तथा बसोबासको अंश विपद्का कारण नाश भएको र घट्न गएको उत्पादन मूल्यको ५० प्रतिशत हुनआउँछ । त्यसपछि पर्यटन क्षेत्रको क्षति ११ प्रतिशत देखिन्छ । वातावरण, शिक्षा, वित्त, कृषि क्षेत्रले कुल नोक्सानी प्रभावको ४-५ प्रतिशत ओगट्छन् ।


विपद्को असर हेर्दा अनुमानित क्षति तथा नोक्शानी आर्थिक वर्ष २०७०/७१ को कुल गार्हस्थ उत्पादनको एक तिहाइ बराबर भएको देखिन्छ । त्यसका अतिरिक्त, क्षति तथा नोक्शानीको अनुमानित मूल्य आर्थिक वर्ष २०७०/७१ को कुल स्थिर पुंजी निर्माणको १०० प्रतिशत भन्दा बढी हो । यसलाई भिन्न तरिकाले हेर्दा, यदि सबै पुँजी निर्माणका काम रोकिए भने नेपाललाई नोक्सान भएको स्थिर पुँजी निर्माण गर्न अर्को एक वर्ष लाग्छ । त्यसबाहेक, अनुमानित उत्पादन नोक्सानी देशभित्र वस्तु तथा सेवामा हुने मूल्य अभिवृद्धिबाट सिर्जना हुने मूल्यको १० प्रतिशत हो, यसले अर्थतन्त्रमा छोटो समयका लागि सुस्तता सिर्जना गरिदिन्छ, तथापि अन्य केही क्षेत्र जस्तै: सांस्कृतिक सम्पदा, स्मारक, वातावरण लगायतका क्षेत्रको अनुमानित नोक्सानी केही वर्ष लम्बिन सक्दछ ।

विपद्ले निजी र सार्वजनिक क्षेत्रमा असमान नोक्सान गरेको छ। सार्वजनिक क्षेत्रको तुलनामा निजी क्षेत्रको नोक्सान ३.३ गुणा बढी छ। यसको पहिलो संकेत के हो भने, दुवै क्षेत्रले पुनर्स्थापना र पुनर्निर्माणका लागि सापेक्ष पहल गर्नुपर्छ। जब सरकारले यसको धेरैजसो स्रोत न्यून आय भएका वर्ग र ग्रामीण जनसंख्यामा खर्च गरेर सामाजिक उत्पादन क्षेत्रलाई पुनरोत्थान गर्नेछ भने, निजी क्षेत्रको पुनरोत्थानका लागि बैंकिङ, गैर-बैंकिङ तथा सहकारी क्षेत्रबाट लगानी उपलब्ध हुने सुनिश्चितता गरिनुपर्दछ।

काठमाडौं उपत्यकाबाहेक, केन्द्र र पश्चिम क्षेत्रमा भूकम्पबाट प्रभावित भएका ठाउँहरु मूलतः गाउँ हुन्। तिनीहरु जीवनयापनका लागि कृषि क्षेत्रमा आश्रित छन्, जुन एकपछि अर्को भूकम्प र पहिरोले विनाश गरेको छ। अझै, यी जिल्लाहरुमा प्रति परिवार पशुपंक्षीको संख्या राष्ट्रिय औसतभन्दा उच्च थियो। ग्रामीण घरपरिवारमा पशुपंक्षी आम्दानीको अर्को मुख्य स्रोत रहेकोमा यसमा भएको क्षतिले उनीहरुलाई केही समयका लागि आयआर्जनको उक्त स्रोत बन्द भएको छ। केही प्रभावित जिल्लाहरु, जस्तो गोरखा लगायतमा पुरुषहरु वैदेशिक रोजगारीमा गएका कारण महिलाको संख्या उच्च छ, जसले गर्दा पशुपंक्षीको जोहो गर्न र कृषिलाई पुनर्निर्माण गर्ने गहन जिम्मेवारी महिलाको काँधमा रहेको छ। यी ग्रामीण जिल्लाहरुले ठूलो राजस्व-खर्चको खाडल बेहोरिरहेका छन्, जहाँ आगामी वर्षहरुमा स्रोतान्तर मार्फत् स्थानीय विकास र पुनर्निर्माणको काम गर्नुपर्नेछ। त्यसबाहेक, देशका २० प्रतिशत रणनीतिक महत्वका सडक सञ्जाल, २३ प्रतिशत विद्यालय, र २५ प्रतिशत विद्युत उत्पादन पनि यस भूकम्पका कारण प्रभावित भएका छन्।

भूकम्प प्रभावित १४ जिल्लामा जनसंख्याको ठूलो हिस्सा घर बाहिर छ। त्यो जनसंख्या विदेशमा काम गर्छ र उनीहरुले पठाएको विप्रेषण घरायसी आम्दानीको एक प्रमुख स्रोत पनि हो। प्रभावित जिल्लामा दशौं हजार श्रमिकहरु रोजगारीका गन्तव्यबाट तिनका परिवारलाई घर निर्माणमा सघाउन गाउँमा फर्केका छन्। उद्यम सीपको विकास तथा बजारसम्म भौतिक सम्पर्क विस्तार ज्यादै नै अत्यावश्यक छ, किनकी प्रभावित जिल्लाहरुले मात्र कुल घरेलु उद्योगका ३० प्रतिशत हिस्सा ओगट्छन्। त्यस्तै सुरक्षित वातावरणमा शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन तथा स्थानीय अधिकारीहरुलाई प्रभावकारी रुपमा स्रोत व्यवस्था गर्न र आपतकालका बेला राहत क्रियाकलाप सञ्चालन गर्न भूकम्प प्रतिरोधी विद्यालय भवन तथा सामुदायिक भवनहरुको पुनर्स्थापना तथा निर्माण पनि त्यत्तिकै महत्वपूर्ण छ।

**चित्र ३: क्षेत्रगत विपत्तिका असरहरु**




श्रोत: बिपदपछिको आवश्यकता आंकलन समूहद्वारा अनुमानित

## गरिबी र मानव विकास

आ.व.१९९५/९६ बाट अवलम्बन गरिएको गरिबी मापन विधिको आधारमा आ.व.२०१०/११ मा गरिबीको रेखामूनी रहेको जनसंख्या २५.२ प्रतिशत पुग्नुले गरिबीमा ठूलो कमी आएको देखिन्छ । उपभोगमा आधारित गरिबीको परिभाषा अनुसार प्रतिव्यक्ति वार्षिक आम्दानी रु.१९,२६१ भन्दा कम भएको व्यक्ति राष्ट्रिय गरिबीको रेखा भन्दा तल भएको मानिन्छ । यद्यपि गरिबी निवारण गर्ने सन्दर्भमा उच्च जोखिममा रहेको हिस्सालाई भूकम्पले नराम्ररी प्रभावित गरेको छ ।


भूकम्पले सन् २०१५-१६ मा कम्तीमा २.५ देखि ३.५ प्रतिशत अर्थात् ७००,००० थप जनसंख्यालाई गरिबीको रेखामुनि धकेल्छ ।

प्रारम्भिक समीक्षाअनुसार, भूकम्पले ग्रामीण क्षेत्रका बासिन्दा एवम् गरिबहरुलाईसहरी क्षेत्र र कम गरिबी रहेको जनसंख्याको तुलनामा बढी असर पुऱ्याउने देखिन्छ । सापेक्ष रुपमा सम्पन्न क्षेत्रहरुमा भन्दा यिनीहरु बढी प्रभावित भएका छन् । उदाहरणको रुपमा काठमाण्डौं उपत्यकालाई नै हेर्न सकिन्छ जहाँ गरिब एवम् जोखिमयुक्त अवस्थामा रहेको घरपरिवार नै बढि प्रभावित भएको पाइएको छ । विश्व बैंकको अध्ययन अनुसार, भूकम्पले सन् २०१५-१६ मा कम्तीमा २.५ देखि ३.५ प्रतिशत अर्थात् ७००,००० थप जनसंख्यालाई गरिबीको रेखामुनि धकेल्छ । ५० देखि ७० प्रतिशत गरिबी वृद्धि मध्य पहाड र हिमाली क्षेत्रमा हुनेछ, जहाँ भूकम्पभन्दा अघि पनि गरिबीको जोखिम बढी थियो । यसका अतिरिक्त, खानेपानी तथा सरसफाइको सुविधामा अस्तव्यस्तता, विद्यालय एवम् स्वास्थ्य सेवामा छिन्नभिन्नता र खाद्य असुरक्षा बढ्ने संभावनाले बहुआयामिक गरिबीमा ठूलो प्रभाव पर्ने देखिएको छ ।

प्रभावित १४ जिल्लामध्ये ९ जिल्लाको मानवविकास सूचकांक राष्ट्रिय औसतभन्दा कम छ । खास गरी औसत आय, शिक्षा र स्वास्थतर्फका सूचकहरुको कमजोर परिणामले यो अवस्थाको श्रृजना हुन गएको हो । सबैभन्दा न्यून आय हुने वर्ग विशेष प्रभावित हुने देखिन्छन् । घर, खेत, पशुपंक्षी आदिको क्षति भएको घरपरिवारलाई आयआर्जनबाट विमुख बनाउनुका साथै पुनर्निर्माण र पुनस्थापना कार्यमा ढिलाई हुन गएमा तिनीहरुलाई गरिबीको रेखामूनि धकेल्ने सम्भावना देखिएको छ । यस प्रकृतिको विपद्बाट व्यक्तिगत घरपरिवारमा नकारात्मक प्रभाव पर्ने, व्यक्तिगत पूँजी र आयमा गिरावट आउने सम्भावना देखिन्छ। रोजगारी र व्यक्तिगत आयको स्वामित्वलाई समेत गणना गर्दा विपद्ले पारेको प्रभावको मूल्य १७ अर्ब १२ करोड ४० लाख रुपैयाँ हुन आउँछ। हरेक तथ्यांकलाई विश्लेषण गर्दा प्रभावित जिल्लाको प्रतिव्यक्ति औषत नोक्शानीको मूल्य रु.१,३०,००० हुन आउँछ । जिल्लागत रुपमा हेर्दा यो मूल्य दोलखामा रु.२,५५,८६० र मकवानपुरमा रु.४३,८०० भएको देखिन्छ।

भूकम्प पहिलेको मुलूकको मानव विकास सूचकांक ०.४९१ थियो । प्राप्त तथ्यांक अनुसार अति न्यून मानव विकास सूचकांक रहेका ६ जिल्लाहरु- दोलखा, सिन्धुपाल्चोक, गोरखा, नुवाकोट, रसुवा तथा धादिङमा बसोबास गर्ने गरिब जनताहरुको प्रतिव्यक्ति विपद्को असर औसत रु १,३०,००० भन्दा बढी हुन गएको छ । यसले के प्रष्ट गर्छ भने गरिब र जोखिममा रहेको जनसंख्यामा विपद्को असर बढी परेको छ । त्यस्तै, उच्च मानवविकास सूचकांक रहेका काठमाडौं,

**चित्र ४: बिपद्को प्रभावको वितरण**




श्रोत: बिपदपछिको आवश्यकता आंकलन समूहद्वारा अनुमानित

भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक लगायतका जिल्लाका बासिन्दाहरुले विपद्को असर औसत रु १,३०,००० भन्दा कम बेहोरेका छन् । यी तथ्यहरुले पुनर्स्थाना र पुनर्निमाण रणनीति तयार गर्दा सम्बन्धित ठाउँका जनसंख्याले भोगेको फरक फरक प्रभावलाई मध्यनजर गर्दै सहरी र ग्रामीण अर्थतन्त्रबीचको भिन्नतालाई मनन गर्न बाध्य तुल्याउँछन् ।

## लैङ्गिक समानता तथा समावेशीता

अति गरिब जिल्लाका विपन्न सामाजिक समूहले अत्याधिक क्षति तथा नोक्सानी बेहोरेका छन् । अनौपचारीक क्षेत्रमा कार्य गर्न न्यून पूँजीको आवश्यकता र जिविकोपार्जनका अन्य विकल्पको अभावमा कृषि तथा अनौपचारिक क्षेत्रका कामदारहरुमा महिलाहरुको बाहुल्यता रहेको छ । भण्डारण गरिएको खाद्यान्नको क्षति, बालीनालीको सम्भावित उत्पादकत्वमा क्षति तथा पशुपंक्षीहरु र घरेलु उद्योगहरुमा पुगेको क्षतिका कारण यी व्यवसायमा आश्रित महिलाहरुमा अत्याधिक आय जोखिम हुनेछ ।

कम सम्पत्तिको आधार, घरयासी कामको बोझ, आर्थिक स्रोतमा कम पहुँचका साथै जीविकाको अन्य विकल्पको कमिको कारण कामको विकल्प भएका पुरुषको तुलनामा महिलाहरुलाई उकास्न बढि समय लाग्नेछ । दलित तथा सीमान्तकृत समुदाय र दुर्गम भूभागमा बसोबास गर्ने सामाजिक सेवाबाट पहिले देखिनै बञ्चित वर्गले त्यस्तै किसिमको चुनौतीको सामना गर्नुपर्ने छ ।

सबैभन्दा बढी क्षति भएको हाउजिङ क्षेत्रसँग लैंगिक समानता तथा सामाजिक समावेशिता अन्तरसम्बन्धित छ । महिला, दलित तथा अन्य जातिय समुदायसँग भूमिको स्वामित्व कम रहेको कारण घर पुनर्निर्माण कार्यक्रममा उनीहरुको सहभागिता तथा त्यसबाट उपलब्ध हुने सुविधामा अवरोध आउनसक्छ । जेष्ठ नागरिक, महिला घरमूली भएको घर परिवार र शारीरिकरुपमा अशक्त भएकाका साथमा बसोबास गरिरहेकाहरुसँग घर पुनर्निर्माण गर्नसक्ने अवस्था नरहेबाट उनिहरु अत्याधिक प्रभावित हुन पुगेका छन् ।

खानेपानी तथा सरसफाइ सुविधामा भएको विनाशको प्रत्यक्ष नकारात्मक असर महिला र किशोरीहरुमाथि पर्दछ किनकी तिनीहरु टाढाका स्थानबाट पानी बोकेर ल्याउन बाध्य हुन्छन् । महिलाको कामको बोझ तथा घरयासी अर्थतन्त्रमा तिनीहरुले बेहोर्ने असमान लागतका कारण उनीहरुले आर्थिक क्रियाकलापमा

**तालिका २: बिपद्को प्रतिब्यक्ति प्रभाव र अति प्रभावित जिल्लाहरुको विपद पूर्वको मानव विकास सूचकांक**

| जिल्ला | बिपद्को प्रतिव्यक्ति प्रभाव (रु.) | मानव विकास सूचकांक |
|---|---|---|
| दोलखा | २५५,८६० | ०.४५९ |
| सिन्धुपाल्चोक | २३३,३७० | ०.४५५ |
| गोरखा | २०९,०८० | ०.४८१ |
| नुवाकोट | २०४,९३० | ०.४६६ |
| रसुवा | १७९,७०० | ०.४६१ |
| धादिङ | १४९,५८० | ०.४६१ |
| काभ्रेपलान्चोक | ११९,२०० | ०.५२० |
| रामेछाप | ११२,७४० | ०.४६८ |
| भक्तपुर | ७८,७७० | ०.५७३ |
| ओखलढुँगा | ७४,५०० | ०.४६८ |
| सिन्धुली | ५७,८६५ | ०.४४० |
| ललितपुर | ५२,७६५ | ०.६०१ |
| काठमाडौं | ४९,४९५ | ०.६३२ |
| मकवानपुर | ४३,७६० | ०.४९७ |

श्रोत: बिपदपछिको आवश्यकता आंकलन समूहद्वारा अनुमानित

लगाउने समयलाई सिमित तुल्याउने मात्र नभई घरयासी दायित्वसँग सम्बन्धित अन्य कार्यमा स्थानिक तथा साँस्कृतिक हिसाबले अवरोध पुग्नेछ ।

परिवारहरुले विपद्बाट जुझ्न अनिच्छापूर्वक गरिने सम्पत्तिको बिक्री तथा विप्रेषण प्राप्तीका क्रममा विभिन्न तौरतरिका प्रयोगमा ल्याएका छन् । यद्यपि, जोखिमयुक्त परिवारहरुका लागि सम्पत्तिको नोक्सानीका साथसाथै परिवार संरक्षणसमेत गर्नपर्ने जिम्मेवारी छ, त्यस्तै उनीहरु अन्य पेशागत विकल्प खोजेर पुरानो पेशाबाट अलगिने स्थिति पनि छैन । यसले महिला, बालबालिका तथा किशोरीहरुमा यौन तथा लैंगिक हिंसा, मानव बेचविखन, बालविवाह, बाल मजदूर जस्ता अत्यन्त दुर्भाग्यपूर्ण जोखिममा पार्नसक्छ ।


## समष्टिगत आर्थिक प्रभाव

दशकौंको राजनीतिक अस्थिरता पछि नेपालले उच्च आर्थिक वृद्धितर्फ शुरुवात गरेको थियो । भूकम्पले छोटो समयमा द्रुत आर्थिक प्रगति गर्ने चाहानालाई निराशामा बदलिदिएको छ ।

### वास्तविक क्षेत्र

आर्थिक वर्ष २०७१/७२ मा देशको आर्थिक वृद्धिदर विगत आठ वर्ष यताकै न्यून अर्थात ३ प्रतिशत (आधारभूत

**चित्र ५: कुल ग्राहस्थ उत्पादनमा परेको असर**




श्रोत: केन्द्रिय तथ्यांक विभाग
नोट: सं (संशोधित) अ (अनुमानित)

मूल्यमा) रहने अनुमान गरिएको छ। भूकम्पले यसअघिको ४.६ प्रतिशतको आर्थिक वृद्धिको अनुमानलाई १.५ प्रतिशत बिन्दूले दमन गरिदियो । आ.व.२०७०/७१ मा आर्थिक वृद्धिदर ५ प्रतिशत भन्दा बढि कायम भएको थियो । भुकम्प पछिको तीन महिनाको उत्पादनमा (वैशाख १२ देखि असार अन्तिमसम्म) हुन जाने रु. ५२ अर्ब बराबरको नोक्सानी दुर्भाग्य भइदियो ।[४] प्रमुख क्षेत्रहरु पूर्ण रुपमा पनरुत्थान नभएसम्म सन् २०७२/७३ मा पनि नोक्सानी निरन्तर बढिरहनेछ (तालिका १ हेर्नुहोस्) ।

भूकम्पले सबैभन्दा ठूलो असर पारेको आर्थिक गतिविधिमा प्रमुख हो, रियलस्टेट, घरभाडा र व्यवसाय हो जसको संशोधित वृद्धिदर ४.८ प्रतिशतबाट ०.८ प्रतिशतमा झरेको छ। करिब रु.३०० अर्ब मूल्यको घरधनी बसोबास गरेका घर[५] र सार्वजनिक सम्पत्तिको नोक्सानी भएको छ। रियलस्टेटमा बैंक तथा वित्तिय संस्थाहरुले गरेको आंशिक ऋृण लगानीको कारण बैंक तथा वित्तिय संस्थाहरुको ऋृण पोर्टफोलियोको गुणस्तरमा पनि सामान्य गिरावट ल्याउने छ । यसबाट संस्थाको आर्थिक अवस्था, साना, ठूला तथा सम्पूर्ण कर्जाको प्रवाहलाई असर पुऱ्याउने आँकलन गर्न सकिन्छ। बीमा क्षेत्रको दाबी मात्रै रु १६ अर्ब नाघ्ने देखिन्छ। यसको ठूलो हिस्सा बाहिर पुनर्बीमा कम्पनीहरुले बेहोर्ने भएतापनि स्थानीय कम्पनीहरुले बेहोर्नुपर्ने दायित्व पनि उल्लेख्य छ।

आर्थिक वर्ष २०७१/७२ मा देशको आर्थिक वृद्धिदर विगत आठ वर्ष यताकै न्यून अर्थात ३ प्रतिशत रहने अनुमान गरिएको छ।

कृषितर्फ यस वर्ष धान र मकैको उत्पादनले पहिल्यै निराशजनक रहेको थियो । भूकम्पले अन्न भण्डारण तथा पशुपंक्षी क्षेत्रमा पनि क्षति पुऱ्याइदियो । यो क्षति कृषि क्षेत्रको मूल्य अभिवृद्धिको २३ प्रतिशत हो । १७,००० चौपाया तथा ४०,००० साना घरपालुवा पशुपंक्षीहरुको क्षतिको कारणले यस आर्थिक वर्षमा कृषि क्षेत्रको आर्थिक वृद्धिदर २.२ प्रतिशतको अनुमानलाई संशोधन गरी १.८ प्रतिशत रहने अनुमान गरिएको छ।

पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण मानिने दुई प्रमुख ऋृतुहरु मध्ये पहिलो ऋृतुमा गएको भुकम्पका कारण सेवातर्फ, खासगरी पर्यटन क्षेत्रमा प्रतिकूल प्रभाव देखिएको छ। भूकम्पलगत्तै नेपाल भ्रमणको योजना बनाएका १० मध्ये ९ जना पर्यटकले नेपाल भ्रमण रद्द गरेका छन्। मुख्य भूकम्प र त्यसपछि लगातारका पराकम्पहरुले काठमाडौं उपत्यकाका विश्व सम्पदा सूचिमा सूचिकृत दशमध्ये सात सांस्कृतिक सम्पदा तथा लोकप्रिय पदमार्गहरुमा क्षति पुऱ्याएको छ । पर्यटन सेवाको आपूर्तिमा भएको विनाश र पर्यटकले नेपालमा गर्ने खर्चको गिरावटले आगामी दुई वर्षमा रु. ६२ अर्ब रुपैंया बराबरको नोक्शानी हुने आँकलन गरिएको छ । आगामी दिनमा भूकम्पीय गतिविधि न्यून वा बन्द भएको खण्डमा आगामी शरद ऋृतुबाट पर्यटनमा सकारात्मक सुधार आउनुका साथै वसन्त ऋृतुको आरोहणको समयमा धेरै सुधार ल्याउन सकिनेछ।

सामाजिक क्षेत्र अन्तर्गतको शिक्षा क्षेत्रमा निरन्तर केही साताको अवरोधका कारण कम वृद्धिदर कायम हुने अनुमान गरिएको छ भने स्वास्थ्य क्षेत्रको वृद्धिदरमा सामान्य सुधार हुने अपेक्षा गरिएको छ। यद्यपी स्वास्थ्य क्षेत्रको कुल गार्हस्थ उत्पादन (जीडीपी) मा योगदान १.७ प्रतिशत मात्र छ । सेवाको मूल्य अभिवृद्धिमा सबैभन्दा ठूलो योगदान थोक तथा खुद्रा व्यापार क्षेत्रबाट आउँछ। आर्थिक वर्ष २०७१-७२ मा व्यापारयोग्य वस्तुमा हुने नाफा (मार्जिन) मा सात अर्ब रुपैंयाले कमी आउने अनुमान गरिएको छ । नेपालको व्यापार क्षेत्रमा महिलाहरुको प्रवेश बढिरहेको सन्दर्भमा यस भित्रका केही क्षेत्रहरुमा उनीहरु बढि प्रभावित हुन पुगेका छन् । नेपाल एकीकृत व्यापार रणनीति, २०१० मा प्राथमिकीकरण गरिएका निर्यातमूलक १९ वस्तु र सेवामध्ये आधाभन्दा बढी वस्तु तथा सेवाका प्राथमिक उत्पादक महिलाहरु नै हुन्।

[४] कुल ग्राहस्थ उत्पादनमा परेको आर्थिक प्रभाव (आधारभूत मुल्यमा) रु. ३१ अर्ब बराबर अनुमान गरिएको छ। यो रकम २०७२ वैशाख १२ को भूकम्प अगाडिको कूल मूल्य अभिवृद्धिको अनुमान र २०७२ जेष्ठ २३ मा गरिएको अनुमानको फरक हो।

[५] राष्ट्रिय लेखा प्रणाली, १९९३ अनुसार आफ्नो स्वामित्वको घर वा बासस्थान भन्नाले आफ्नो उपयोग/प्रयोगको लागि आवासीय सेवा उत्पादन गर्ने गैर उद्यम घर वा बासस्थान हो। यस्ता सेवाहरु पनि राष्ट्रिय लेखा प्रणालीको उत्पादन सीमाभित्र समावेश गरिएका छन्।

**तालिका ३ः कूल आवश्यकताको सारांश**

| क्षेत्र | कूल आवश्यकता (रु दशलाखमा) | कूल आवश्यकता (अमेरिकी डलर लाखमा) | क्षेत्रअनुसार आवश्यकताको हिस्सा |
|---|---|---|---|
| **सामाजिक क्षेत्र** | ४०७,७४७ | ४,०७७ | ६०.९% |
| आवास | ३२७,७६२ | ३,२७८ | ४९.०% |
| स्वास्थ्य | १४,६९० | १४७ | २.२% |
| ल्गतचष्तष्यल | ५,०३६ | ५० | ०.८% |
| शिक्षा | ३९,७०६ | ३९७ | ५.९% |
| सांस्कृतिक सम्पदा | २०,५५३ | २०६ | ३.१% |
| **उत्पादनमूलक क्षेत्र** | ११५,६१८ | १,१५६ | १७.३% |
| कृषि | १५,५६१ | १५६ | २.३% |
| सिंचाई | ४६७ | ५ | ०.१% |
| बाणिज्य | २०,०५१ | २०१ | ३.०% |
| उद्योग | ७,३५७ | ७४ | १.१% |
| पर्यटन | ३८,७१० | ३८७ | ५.८% |
| अर्थ | ३३,४७२ | ३३५ | ५.०% |
| **पूर्वाधार क्षेत्र** | ७४,२६६ | ७४३ | ११.१% |
| विद्युत | १८,५८६ | १८६ | २.८% |
| संचार | ४,९३९ | ४९ | ०.७% |
| सामुदायिक संरचना | ४,४५० | ४५ | ०.७% |
| यातायात | २८,१८५ | २८२ | ४.२% |
| खानेपानी तथा सरसफाई | १८,१०६ | १८१ | २.७% |
| **अन्तरसम्बन्धित क्षेत्र** | ७१,८७३ | ७१९ | १०.७% |
| सुशासन | १८,४४२ | १८४ | २.८% |
| विपदीय जोखिम निदान | ८,२०४ | ८२ | १.२% |
| वातावरण र बनजंगल | २५,१९७ | २५२ | ३.८% |
| रोजगार तथा जिविकोपार्जन | १२,५४७ | १२५ | १.९% |
| सामाजिक सुरक्षा | ६,३९८ | ६४ | १.०% |
| लैङ्गिक समानता तथा समावेशीता | १,०८६ | ११ | ०.२% |
| **जम्मा** | ६६९,५०५ | ६,६९५ | |

श्रोतः विपदपछिको आवश्यकता आंकलन समूहद्वारा अनुमानित

तराईमा अवस्थित धेरैजसो ठूला उद्योगहरु भूकम्पबाट प्रत्यक्ष प्रभावित भएका छैनन् । तर राष्ट्रिय मागमा आएको गिरावट तथा भूकम्प प्रभावित क्षेत्रका कामदार घर फर्किने समस्याजस्ता बाह्य कारणबाट तिनीहरु प्रभावित छन् । विपद्लगत्तै निजी निर्माणका कामहरु ठप्प भएका छन् । आगामी आर्थिक वर्ष २०७२-७३ मा घरहरु भत्काउने, कुँडाकर्कट व्यवस्थापन गर्ने, भौतिक संरचना पुनर्निर्माणका काममा हुने वृद्धिसँगै कामदारको उच्च माग हुनेछ । यसले सहयोगी उद्योगहरुमा समेत सीपयुक्त तथा कोरा कामदारको माग र उनीहरुको आय बढ्नेछ ।

विद्युतको क्षेत्रमा, भूकम्प पछाडी ११५ मेगावाट बराबर क्षमताका जलविद्युत आयोजनामा गम्भिर क्षति पुगेको अनुमान गरिएको भएता पनि पानीको प्रवाह बढेका कारण विद्युत उत्पादनमा कटौती भएको छैन । सबै प्रसारण लाइनहरु सञ्चालनमा छन् । यद्यपि, विभिन्न क्षमताका ८०० किमी वितरण लाइन तथा विभिन्न क्षमताका ३६५ ट्रान्सफर्मरले काम गर्न छाडेका छन् । निर्माणाधीन जलविद्युत आयोजनामध्ये, निजी उर्जा उत्पादक र नेपाल विद्युत प्राधिकरणको स्वामित्वका १,००० मेगावाट क्षमताका जलविद्युत् आयोजनामा आंशिक क्षति पुगेको छ ।

## वित्तिय तथा मौद्रीक क्षेत्र

भूकम्पपछि राजस्व असुलीमा प्रत्यक्ष प्रभाव परेको छ । चालु आर्थिक वर्षका लागि तय गरिएको रु. ४२३ अर्ब बराबरको राजस्व असुलीको लक्ष्य पुरा नहुने निश्चित भएको छ । राजस्व असुलीमा झण्डै ८ प्रतिशतको कमी आई आगामी असार मसान्तसम्म करिब रु. ३९० अर्ब मात्र उठ्ने अनुमान गरिएको छ । यसले आर्थिक वर्ष २०७२/७३ का लागि आधार कम हुन गई भुकम्प अगाडी अनुमान गरिएको रु.५१२ अर्ब बराबरको राजस्व असुली लक्ष्यको सट्टामा रु.४६० अर्ब देखि रु.४८० अर्वसम्म राजस्व असुली हुने लक्ष्य राखिएको छ । राजस्वका पाँच मुख्य स्रोतमध्ये भन्सार र गैर-कर राजस्व शीर्षकको असुलीमा ठूलो गिरावट आएको छ । यसको मुख्य कारण मोटर लगायतका विलासिताका वस्तुको आयातमा आएको गिरावट हो । प्रारम्भिक ऋण स्थिरता विश्लेषणका आधारमा नेपालले हालको न्यून ऋण जोखिमको स्तर कायमै राखिराख्नेछ । यद्यपि, अझ ठूलो दबाब सामना गर्न सुक्ष्म निगरानी र सहुलियतपूर्ण सहयोग आवश्यक पर्नेछ ।

आर्थिक वर्ष २०७१/७२ मा विस्तृत मुद्रा प्रदायको वृद्धिदर १७.५ प्रतिशत भन्दा माथि नजाने र मुद्रा स्फिति एकल अंकमा सीमित रहने अनुमान गरिएको छ । यद्यपी पुनर्निर्माणका लागि आवश्यक सामाग्रीको मागमा हुने वृद्धिका कारण क्षेत्रगत मुद्रा स्फिति दर भने फरक फरक र औषत भन्दा बढि हुने अनुमान गरिएको छ । आर्थिक वर्ष २०७२/७३ मा विस्तारकारी बजेटका साथै सम्भाव्य सीमित आपूर्ति क्षमताका कारण मुद्रा स्फितिको चाप अरु बढ्ने अनुमान गरिएको छ । दक्ष तथा अदक्ष कामदारको ज्यालामा पनि वृद्धिको दवाव रहने छ ।

ठूला राजनीतिक दलले हालै मात्र छिटोभन्दा छिटो संविधान निर्माणका लागि गरेको सहमतीले उच्च आर्थिक बृद्धि हासिलगर्ने दिशामा आशाको संचार गराएको छ ।

## बाह्य क्षेत्र

भूकम्पका कारण निर्यातजन्य उद्योगहरु क्षतिग्रस्त भएका छन् । साथै सामान्य अवस्थामा निर्यात हुने बस्तुहरुको आन्तरिक खपत बृद्धि भएका कारण गतवर्षको तुलनामा यस वर्षको निर्यात करिब ६ प्रतिशतले कमहुने अनुमान गरिएको छ । मेसिनरी सामान, खाद्यान्न, औषधी र निर्माणसामाग्रीको बढ्दो मागका कारण आयातमा बृद्धि हुने देखिएको छ । पेट्रोलियम पदार्थको अन्तराष्ट्रिय मुल्यमा आएको गिरावटले यस वर्षको कूल आयात मूल्यको वृद्धिदरलाई नियन्त्रण गर्न मद्दत गरेको छ । अन्तरार्ष्ट्रिय ट्रान्सफर र विप्रेषण आयमा वृद्धि हुने आँकलन गरिएको भएतापनि यस वर्ष र आगामी वर्ष व्यापार सन्तुलनमा थपगिरावट आउनेछ । लागनीको वातावरणमा देखिएको अनिश्चितताका कारण निर्यात व्यापारले गतिलिने सम्भावना पनि कम रहेको छ । आर्थिक वर्ष २०७२/७३ मा आयात १८ प्रतिशतले बृद्धि हुने अनुमान गरिएको छ ।

समग्रमा नेपाली अर्थतन्त्रले दिगो आर्थिक बृद्धि हासिल गर्नेतर्फको दिशामा विभिन्न चुनौति झेलेको भएतापनि हालसम्म अनुकूल वित्तिय तथा शोधानान्तर बचतबाट सहयोग पुगिरहेको छ । पुनर्निर्माण र पुनर्स्थापनाको टड्कारो आवश्यकता रहेका कारण आन्तरिक र बाह्य ऋण लिँदा वृहत आर्थिक सिद्धान्तको मुल्य र अनुशासनलाई असर नगर्ने गरि देशभित्रै र बाहिरबाट स्रोतको संकलन गर्ने काम चुनौतिको रुपमा खडा भएको छ । ठूला राजनीतिक दलले हालै मात्र छिटोभन्दा छिटो संविधान निर्माणका लागि गरेको सहमतीले उच्च आर्थिक बृद्धि हासिलगर्ने दिशामा आशाको संचार गराएको छ । लगानीको वातावरणलाई अनुकूल बनाउनका लागि आर्थिक सुधारमा थप जोड दिनुपर्ने आवश्यकता रहेको छ ।

## बित्तीय आवश्यकता

अनुमानित रु. ६६९ अर्ब बराबरको पुनर्निर्माण र पुनर्स्थापना लागत व्यहोर्नका लागि आगामी केही वर्षसम्म मुलुकलाई ठुलो वैदेशिक सहायताको आवश्यकता पर्नेछ ।

यसका अतिरिक्त व्यवसायिक क्रियाकलापमा आएको अवरोधका कारण सरकारको राजश्व असूली वृद्धिमा अल्पकालका लागि गिरावट आएको छ ।

निजी क्षेत्रको कुल मागमा आएको कमी र विद्यालय, अस्पताल, पुरातात्विक सम्पदा, बाटोघाटो, जलविद्युत परियोजना र खानेपानी विरतण प्रणाली लगायतको पुनर्निर्माण र पुनर्स्थापनामा लाग्ने खर्च र निजी घरधनीहरुलाई दिइने अनुदानले सार्वजनिक बित्तमा अधिकभार श्रृजना गर्नेछ । आन्तरिक ऋण प्राप्तिका आफ्नै सिमाहरु छन् । पुनर्स्थापना र पुर्ननिर्माणमा लाग्ने खर्च बेहोर्नेकालागि सरकारले रु २०० अर्बको राष्टिय पुनर्निर्माण कोष खडा गनुका साथै सो कोषमा आफ्नो तर्फबाट रु २० अर्ब प्रदान गर्ने प्रतिबद्धता समेत जनाइसकेको छ ।

## प्रतिरोधको दिशातर्फ

प्रकोपजन्यजोखिम न्यूनिकरण र पहिलाभन्दा थप बलियो पुनर्निर्माण

पुनर्निर्माण र पुनर्स्थापनाको चरणमा पहिलाभन्दा बलियो र मजबुत निर्माणको सिद्धान्त कार्यान्वयनकालागि लगानी गरी आमजनचेतनाद्धारा विपत्ति तथा जोखिमको निर्माणमा टेवा पुर्‍याउने कृयाकलाप रोकथाम गर्न वान्छनिय रहन्छ। भूकम्पको घटना भन्दा पहिला प्रकोप जोखिमजन्य निराकरणको क्षेत्रमा सिमित प्राथमिकता र श्रोत छुट्याइएको तथ्यलाई आत्मासाथगर्दै प्रतिरोधात्मक र बलियो राष्ट्र निर्माणका लागि अल्पकालिन (एक वर्षसम्म), मध्यकालीन (२ वा ३ वर्षसम्म र दीर्घकालीन (४ देखि ५ वर्षसम्म) प्रकोप न्यूनीकरण प्रणालीमा तत्काल सुधार ल्याउन आवश्यक रहेको छ।

**अल्पकालीन प्राथमिकता अन्तर्गत**

- विपद तथा जोखिम न्यूनीकरणका स्रोत तथा सामाग्रीहरुको पुनर्निर्माण र थप बलियो निर्माणको सिद्धान्तमा सुधार
- पुर्वतयारी, प्रतिक्रिया, राहत प्रणालीहरुको सुधार सम्बन्धी उपायहरु
- राहत, प्रतिक्रिया र पुनर्निर्माण तथा पुनर्स्थापनाकालागि सुचना तथा संचारको क्षमता बलियो बनाउने उपायहरु र
- बहुविपत्ति जोखिम अनुगमन, जोखिम मुल्यांकन, जोखिम सम्बन्धि सुचनाको वितरण र जनचेतनालाई परिष्कृत गर्ने उपायहरु

**मध्यकालीन देखि दिर्घकालीन प्राथमिकताहरु अन्तर्गत**

- न्यायिक तथा संस्थागत व्यवस्थामा सुधार
- विकाससँग सम्बन्धित क्षेत्रहरु विशेषगरी निजी निवास, निजी तथा सार्वजनिक पूर्वाधार, सामाजिक क्षेत्र (शिक्षा तथा स्वास्थ्य), संरचना र जिविकोपार्जन जस्तामा प्रकोप जोखिम न्युनिकरणलाई समाहित गर्ने उपायहरु
- जलवायु परिवर्तन आँकलन तथा विपद् जोखिम न्युनिकरण बीच एकीकरणमा सुधारका उपायहरु

सरकारले भूकम्प सम्बन्धि नीति बनाउनेछ र देशभरीको भूकम्पीय गतिविधि अनुगमन तथा भूकम्प सम्बन्धि अध्ययन अनुसन्धानलाई प्रोत्साहन गर्नेछ। यस नीतिले भवन संहिता पुनरावलोकन, सबै नगर क्षेत्रमा घर निर्माण विनियमको विकास, ग्रामीण क्षेत्रमा :बलमबतयचथ चाभि या त्जगफद ९च्त० को उपयोग साथै सहरी क्षेत्रमा जोखिम-संवेदनशीलताका आधारमा मात्र जमिन प्रयोग गर्न दिने नीति अंगीकार गरिनेछ। पुननिर्माण तथा पुनर्स्थापना कार्यक्रमले नेपाललाई थप भूकम्प प्रतिरोधी बनाउनु पर्दछ। भूकम्पसम्बन्धि नीतिसँगै सरकारले अन्य विपत्तिहरुलाई समेत ध्यानमा राख्दै विपद् जोखिम न्यूनीकरण सम्बन्धि उपायहरु अबलम्बन गर्नेछ। विपद् जोखिम न्यूनीकरण सम्बन्धि विधिले जोखिमको मूल्यांकन गरी सामुदायिक तहमा त्यसको न्यूनीकरणका लागि आधारहरु प्रदान गर्छ। पुर्नप्राप्ति कार्यक्रमको पक्षको रुपमा सरकारले पूर्व सचेतना तथा तयारीका उपायका साथै विद्यालय, अस्पताल रेट्रोफिटीङ तथा सुदृढीकरणका विधिका माध्यमबाट सम्भावित जोखिम न्यूनीकरणमा सहयोग गर्नेछ। विपद् जोखिम न्यूनीकरणलाई विकास योजनामा प्रभावकारी रुपमा मूलप्रवाहीकरण गर्न सरकारले विपद् जोखिम न्यनीकरण विधिलाई सशक्तीकरण गर्दै लैजानेछ।

## पुनर्प्राप्तिको मार्ग

जसरी भूकम्पले नेपालको ठूलो भूभागमा कम्पन ल्यायो, यसबाट क्षति भएका संरचना तथा नोक्सानीको पुनप्राप्ति अत्यन्त शीघ्र आवश्यक छ। पुनर्स्थापना, पुननिर्माणका लागि मानिसहरुले आ-आफ्नै तहबाट प्रयास थालिसकेका छन् र यसलाई सकेसम्म चाँडो सम्पन्न गर्न यो प्रक्रियामा सरकारको सहयोग खोजिरहेका छन्। सरकारले विपदोत्तर आवश्यकता आँकलन (पीडीएनए) का आधारमा वृहद् पुर्नप्राप्तिका कार्यक्रमहरु तयार गर्दैछ र यो कार्यक्रम कमजोर र असुरक्षिततर्फ अभिमुख भएको र बहुआयामी हुनुपर्छ भन्ने आमरुपमा महसुस गरिएको छ। सरकारले पुनरुत्थान कार्यक्रमका लागि योजना निर्माण व्यवस्थापन, सहजीकरण गर्न र यसमा निजी क्षेत्र, सामाजिक क्षेत्र (गैरसरकारी संस्था) तथा अन्तर्राष्ट्रिय विकास साझेदारहरु जस्ता नेपाली समाजका अन्य क्षेत्रहरुले सहयोग गर्नुपर्दछ।

उत्तम स्पेशिफिकेशन, उपकरण, सुदृढ सुशासन र जोखिम न्यूनीकरणका साथै पुनर्निर्माणको लागत रु.६६९ अर्ब अर्थात् ६.७ अर्ब अमेरिकी डलर को स्रोत आवश्यक पर्ने आँकलन गरिएको छ। पुर्नप्राप्तिको आवश्यकता आँकलनमा यो प्रतिस्थापनको मूल्य होइन, खासगरी घरजग्गा तथा बस्नेबास क्षेत्रको लागि। यसले कुल घरहरुको पुननिर्माणको न्यूनतम आधारलाई मात्र निर्दीष्ट गरेको छ र यसले प्रति वर्गफिट निर्माणको लागतका आधारमा लागतको अनुमान गरेको छ।

उच्च पुनस्थापनको आवश्यकताका कारण सरकारले दीगो रुपमा स्रोत परिचालन गर्नु आवश्यक छ। सबै पुनरुत्थान कार्यक्रमहरुमा बजेट पुनर्विनियोजन गरी

पुर्नप्राप्तिको आवश्यकता आँकलनमा यो प्रतिस्थापनको मूल्य होइन, खासगरी घरजग्गा तथा बस्नेबास क्षेत्रको लागि । यसले कुल घरहरूको पुननिर्माणको न्यूनतम आधारलाई मात्र निर्दीष्ट गरेको छ र यसले प्रति वर्गफिट निर्माणको लागतका आधारमा लागतको अनुमान गरेको छ ।

नेपालले अन्य तरिकाबाट पनि स्रोत परिचालन गर्न सक्छ । गैर आवासीय नेपालीहरूको स्रोत र सीप, अस्थायी रूपमा वैदेशिक रोजगारीमा गएकाहरूको सीप, स्वयंसेवी भावना भएका युवा तथा परोपकारका अन्य नयाँ स्रोतलाई प्रयोग गर्नुपर्ने हुन्छ ।

आफ्नै स्रोत परिचालन, बहुपक्षीय तथा द्विपक्षीय दातृनिकायबाट अनुदान, निजी क्षेत्र तथा नागरिकहरुको योगदान, अन्तर्राष्ट्रिय वित्तिय संस्थाबाट ऋण तथा विद्यमान परियोजना पोर्टफोलियोहरु पुनरावलोकन, जस्ता विविध ढोकाहरु उपयोग गरी स्रोत परिचालन गर्नुपर्दछ । यसरी स्रोत परिचालन गर्दा ऋणको अनुपात (कुल गार्हस्थ उत्पादनमा) व्यवस्थापन गर्न सकिने परिधिभित्रै राखेर प्राप्त भएसम्म अनुदान सहायता परिचालन गर्नुपर्छ ।

पुनर्स्थापना कार्यक्रम अन्तर्गत धेरै क्रियाकलापहरु सापेक्षरुपमा छोटो समयभित्र सम्पन्न गर्नुपर्नेछ । यसका लागि संस्थागत, वित्तिय तथा तार्किक रुपमा गहन तयारी गर्नु आवश्यक छ । अत्यन्तै गतिशील पुनर्निर्माण कार्यक्रमको माग सम्बोधन गर्न उपयुक्त प्रविधि, नियमन तथा नवीनता आवश्यक हुन्छ । यसको उद्देश्य राम्रो प्रतिफल ल्याउने (Build Back Better– BBB) सिद्धान्तलाई पुनर्स्थापना र पुनर्निर्माणमा अबलम्बन गर्ने रहेको छ । बारम्बारका विपद्ले कमजोर र असुरक्षित बनाएको देशलाई जोखिमसँग जुध्ने बनाउनका निम्ति यसको अर्थतन्त्र, सामाजिक सद्भाव र शासकीय व्यवस्थामा समेत प्रतिविम्वित हुने गरी पुनर्स्थापना र पुनर्निर्माण गर्न वाञ्छनीय देखिन्छ ।

पुनर्स्थापना, पुनर्निमाणका केही यस्ता पक्षहरु छन्, जुन राष्ट्रिय सहमतिका आधारमा मात्र कार्यान्वयन सम्भव छन् । दह्रो राजनीतिक इच्छाशक्ति, स्रोत परिचलनको निरन्तरता, प्रभावित व्यक्तिहरुसँगको निरन्तर संवाद पुनर्स्थापना कार्यक्रमका केही पूर्वशर्तहरु हुन् । आयआर्जनका गतिविधि, सीप विकास तथा समुदाय परिचालन जस्ता विषय वस्तुहरु शिघ्र पुनरुत्थान तथा विपद् प्रतिरोधात्मक क्षमता अभिवृद्धिका आधारहरु हुन् । जोखिममा रहेका समूहहरुको लागि सरकारको अहिलेको विद्यमान सामाजिक सुरक्षा कार्यक्रम तथा संस्थागत व्यवस्थाका अतिरिक्त विधवा तथा एकल महिला, शारिरिक रुपले अशक्त, दलित, विपन्न वर्ग तथा बालबालिका जस्ता कमजोर र असुरक्षित वर्गका लागि सामाजिक सहयोग कार्यक्रम, नगद हस्तान्तरण जस्ता कार्यक्रम अत्यावश्यक छन् ।

उपयुक्त सहयोग प्राप्त भएको खण्डमा महिला तथा सीमान्तकृत समूह समुदायको विपद् प्रतिरोधी संरचना निर्माण गर्ने क्षमता राख्दछ । कृषि र अनौपचारिक क्षेत्रमा महिलाको उच्च सहभागीताले नेपालको पुनरुत्थान र राष्ट्र निर्माणमा उनीहरुको महत्वपूर्ण भूमिका रहनेछ भन्ने कुरा स्पष्ट हुन्छ ।

समतामूलक आर्थिक वृद्धिले उनीहरुको विपन्न अवस्था सुधार हुने, प्रतिरोधी क्षमता अभिवृद्धि हुने र उच्च आर्थिक वृद्धि समेत हासिल हुने देखिन्छ । विपद् पछिको पुनर्स्थापना कार्यक्रम कार्यान्वयनमा लैंगिक समानता, सामाजिक समावेशिताजस्ता विषयलाई मार्गदर्शक सिद्धान्त बनाएको खण्डमा मात्र यो दीगो र प्रभावकारी हुन्छ ।

पुनरुत्थान रणनीतिको मुख्य जोड सबै क्षतिग्रस्त तथा भत्किएका संरचनाहरुको पुनस्थापन तथा पुनर्निर्माण र केही सांस्कृतिक तथा संग्राहलयहरुको सुधारमा रहनेछ । संरचनागत र भूकम्पीय इन्जिनियरिङ, आर्किटेक्चर तथा सांस्कृतिक सम्पदाको संरक्षण तथा जगेर्नाका विषयहरुमा विशेषज्ञता आवश्यक देखिन्छ । अमूर्त सम्पदा संरक्षणका लागि मानवशास्त्री, कला इतिहासका ज्ञाता, भाषाविद्, संगीतविज्ञ लगायतको सहयोगबाट अनुसन्धान गरी जात विशेषको परम्परालाई पुनर्जीवित गर्नुपर्छ । नेपालको सांस्कृतिक सम्पदा संरक्षण क्षमता तथा सीप विकास समेतमा गरिएको पर्याप्त लगानीको अमूर्त संस्कृति संरक्षणमा सकारात्मक प्रभाव पर्दछ ।

नेपालमा भूकम्पको असरबाट पहिलेकै अवस्थामा फर्किने क्रममा दक्षिण एसियाली देशमा प्रयोग गरिएका तथा अन्य देशमा प्रयोगमा ल्याइएका राम्रा कार्यक्रमको अनुसरण गरी नेपालको सन्दर्भमा अनुकुल कार्यक्रम विकास गरी लागू गरिनेछ । नेपालीहरुले विविध प्रतिकूलताका बाबजूद विपद्का कठिनाइसँग जुझ्ने सन्दर्भमा यथेष्ट धैर्यता प्रस्तुत गरेका छन् । नेपाल आफैँसँग पनि प्राकृतिक विपद् तथा द्वन्द्व पश्चात गरिएका पुर्नस्थापना र पुनर्निर्माणका कामको प्रशस्त अनुभव छ । विद्यमान भौगोलिक जटिलताबाट सिर्जित चुनौतीहरुलाई सामना गर्नका लागि सबल सामाजिक पूँजी र प्रभावकारी स्थानीय शासनको आवश्यकता पर्दछ । जसका लागि सरकारले विगतमा संगालेका अनुभव र विद्यमान स्रोतका आधारमा पुनरुत्थान तथा संस्थागत विकासका कार्यक्रम कार्यान्वयनमा ल्याउने छ । नेपालले अन्य तरिकाबाट पनि स्रोत परिचालन गर्न सक्छ । गैर आवासीय नेपालीहरुको स्रोत र सीप, अस्थायी रुपमा वैदेशिक रोजगारीमा गएकाहरुको सीप, स्वयंसेवी भावना भएका युवा तथा परोपकारका अन्य नयाँ स्रोतलाई प्रयोग गर्नुपर्ने हुन्छ ।

# विपद्पछिको आवश्यकता आँकलन (पीडिएनए): प्रक्रिया र विधि

**प्रक्रिया :**
२०७२ बैशाख २९ गतेको दोस्रो ठूलो भूकम्पको तीन दिनभित्रै सरकारले स्थानीय दातृनिकायका प्रतिनिधिहरुसँग छलफल गरी राष्ट्रिय योजना आयोगको नेतृत्वमा विपद् पछिको आवश्यकता आँकलन (पीडीएनए) कार्यका लागि आग्रह गऱ्यो । यसको प्रमुख उद्देश्यको रुपमा विपद्को प्रभाव मूल्याङ्कन गर्नु तथा पुनरुत्थान रणनीति तयार गर्नु रहेको थियो । यस क्रममा जनजिविका, अर्थतन्त्र तथा सेवा प्रवाहको स्तरलाई पूर्ववत अवस्थामा फर्काउन साथै आवास तथा संरचनाको विपद् प्रतिरोधी रुपले पुनर्निर्माण गर्न आवश्यक स्रोतको पहिचान गर्ने कार्य समेत गरिएको थियो । पीडीएनएमा युरोपेली संघ, विश्व बैंक तथा संयुक्त राष्ट्र संघले संयुक्त रुपमा तयार गरेको विधि अनुशरण गरिएको थियो जसले विपदपछिको आवश्यकता तथा पुनर्स्थापना/पुनर्निमाण योजना तयार गर्न विभिन्न विधि तथा प्रक्रियाहरुको प्रयोग गर्दछ । क्षति, नोक्सानी तथा विपदोत्तर पुनर्स्थापना/पुनर्निर्माणको परिभाषामा क्षेत्रगत तुलना तथा एकरुपतालाई सुनिश्चित गरिएको छ । यो मूल्यांकनले केन्द्रदेखि स्थानीय तहको प्रारम्भिक र विस्तृत क्षेत्रगत क्षतिमा आधारित छ ।

यसका लागि राष्ट्रिय योजना आयोगका उपाध्यक्षको नेतृत्वमा उच्चस्तरीय संयन्त्र गठन भएको थियो । जसलाई प्रत्यक्ष रुपमा आयोगका सहस्यहरुले सहयोग र रेखदेख गरेका थिए । अन्य सदस्यहरुले आ-आफ्नो क्षेत्र विशेषको संयोजन तथा रेखदेख गरेका थिए । यसबाहेक राष्ट्रिय योजना आयोगले देशभित्र र बाहिरका विशिष्ट सल्लाहकारहरुको टोलीलाई सल्लाहका लागि आमन्त्रण समेत गरेको थियो ।

मूल समन्वय समूह राष्ट्रिय योजना आयोगको नेतृत्वमा थियो, जसमा दातृ निकायहरु- एसियाली विकास बैंक, युरोपेली संघ, संयुक्त राष्ट्र संघ, विश्व बैंक, जापान अन्तर्राष्ट्रिय सहयोग संस्थाका राष्ट्रिय निर्देशकहरु/प्रमुखहरु संलग्न थिए । यी दातृ निकायका प्रतिनिधिहरुले पीडीएनएको विषयगत विभिन्न सचिवालयहरु खडा गरी मूल्यांकन समूहहरुलाई दैनिक मार्गदर्शन प्रदान गरेका थिए ।

पीडीएनएको विधि र क्षेत्र सम्बन्धि दुई दिने कार्यशाला गोष्ठी पश्चात २५० सरकारका कर्मचारी तथा विज्ञ र ३० दातृ निकायका प्रतिनिधि २३ विषयगत समूहमा विभाजन भए । हरेक समूहलाई विषयगत मन्त्रालय वा राष्ट्रिय योजना आयोगका एक सहसचिवको नेतृत्वमा दातृ निकायहरुसँग सहकार्य गरी काम गरिएको थियो । यो संयुक्त टोलीले विपद्ले पारेको क्षतिको तथ्यांक संकलन, स्थलगत अध्ययन तथा तथ्यांक प्रमाणीकरणको गहन अभ्यास तीन हप्ता (मे २२ देखि जुन १०) को कसिलो समयावधिमा सम्पन्न गऱ्यो । यो प्रतिवेदनको तत्कालीन प्रयोग यही २०७२ आषाढ १० गते हुने पुनर्निर्माणका लागि अन्तर्राष्ट्रिय सम्मेलनमा हुने देखिन्छ ।

**विधि**
नेपालमा भूकम्पको विपदोत्तर आवश्यकता आँकलन (पीडिएनए) राष्ट्रिय योजना आयोगले नेतृत्व गरेको मूल्यांकन हो । जसमा २३ विषगत क्षेत्र निम्नअनुसार छन् :

**सामाजिक क्षेत्र :** आवास, स्वास्थ्य तथा जनसंख्या, पोषण, शिक्षा तथा सांस्कृतिक सम्पदा

**उत्पादनशील क्षेत्र :** कृषि, सिंचाई, वाणिज्य तथा उद्योग, पर्यटन र वित्तिय क्षेत्र

**पूर्वाधार क्षेत्र :** विद्युत्, सञ्चार, सामुदायिक पूर्वाधार, यातायात तथा खानेपानी तथा सरसफाई

**अन्तरसम्बन्धित क्षेत्र :** सुशासन, प्रकोप जोखिम न्यूनीकरण, वातावरण र वन, रोजगारी र जनजीविका, सामाजिक सुरक्षा, लैंगिक समानता र सामाजिक समावेशीता, गरिबी तथा मानव विकास, र वृहद् आर्थिक प्रभाव मूल्यांकन

यो मूल्यांकनले भूकम्प प्रभावित ३१ जिल्लालाई समेट्छ, जसमा १४ जिल्ला अतिप्रभावित रूपमा चित्रण गरेको छ । सबै विषयगत समूहले अतिप्रभावित १४ जिल्लाको क्षति र आवश्यकता मूल्यांकन गरेको छ ।

[१] विपद्पछिको आवश्यकता आँकलनले अनुमानित पूर्ण क्षति, नोक्सानी र आवश्यकताबारे विभिन्न २४ क्षेत्रको विषयलाई समेटेको छ । अनुमानित पूर्ण क्षति, नोक्सानी, आवश्यकता र क्षेत्रहरु बिचको असरबारे प्रस्तुत गर्न यो काफी छ ।

यो मूल्यांकनले भूकम्प प्रभावित ३१ जिल्लालाई समेट्छ, जसमा १४ जिल्ला अतिप्रभावित रुपमा चित्रण गरेको छ । सबै विषयगत समूहले अतिप्रभावित १४ जिल्लाको क्षति र आवश्यकता मूल्यांकन गरेको छ । विषयगत समूहद्वारा उपलब्ध भएसम्मको तथ्यांकका आधारमा मूल्यांकन गरिएको छ । जसमा भौगोलिक क्षेत्रका आधारमा हेर्दा क्षतिमा केही भिन्नता देखिन्छ ।

**क्षेत्रगत समूहले यसरी मूल्यांकन गरेको छ ।**

- विपद्अघिको तथ्यांकलाई आधार बनाएर विपदपछिको अवस्थाको तुलना ।
- समग्र पुनरुत्थान आवश्यकता पहिचान गर्न प्रत्येक क्षेत्रमा परेको असर तथा प्रभाव मूल्याङ्कन ।
- पुनरुत्थान रणनीति बमोजिम पुनरुत्थान आवश्यकताहरुको प्राथमिकिकरण
- एक पुनरुत्थान रणनीतिको तयारी जसले प्राथमिकतामा परेका पुनरुत्थान आवश्यकताहरुको प्राप्तीको लागि आवश्यक सुझाव प्रदान गर्दछ ।

धेरैजसो क्षेत्रगत समूहहरुले घर, पूर्वाधार, सामाजिक संरचना, उत्पादन तथा सेवा प्रवाहमा परेको प्रभाव लगायतका क्षति क्षेत्रगत आँकलन गर्न स्थलगत भ्रमण गरेका थिए । उनीहरुले शासन व्यवस्थामा विपद्ले कस्तो प्रभाव पारेको छ, कमजोर र असुरक्षित समूहमा कस्तो जोखिम छ तथा अन्य आपसमा अन्तरसम्बन्धित विषयहरु जस्तो, लैंगिक तथा सामाजिक समावेशिता, विपद्को जोखिम न्यूनीकरण तथा सरकारको सेवा प्रवाहको अवस्थालाई मूल्यांकन गरेका थिए । हरेक क्षेत्रले विपद्को प्रभाव परिमाणात्मक रुपमा मूल्यांकन गर्नुका साथै विपद्ले सिर्जना गरेका मुद्दाहरुलाई समेत समावेश गरेका छन् ।

धेरैजसो क्षेत्रमा परेको असरको मूल्य आँकलन गरिएको छ, जसले पूर्वाधार संरचना क्षति र सम्पत्तिको क्षतिको मूल्यांकन नेपाली रुपैयाँ र अमेरिकी डलर दुवैमा गरिएको छ । केही सामाजिक र उत्पादनशील क्षेत्रको मूल्यांकनमा व्यक्तिगत आम्दानीमा आउनसक्ने कमी र सामाजिक सेवामा पहुँच सम्बन्धमा पनि विश्लेषण गरिएको छ । सबै क्षेत्रले मूल्यांकन गरेको भूकम्पसिर्जित क्षति र नोक्सानीको विवरण प्राप्त हुन आएको छ । केही अन्तरसम्बन्धित विषयहरुमा सकेसम्म दोहोरोपन हटाउन प्रयास गरिएको छ।

क्षति र नोक्सानीको कुल मूल्य साथै परिमाणात्मक जानकारी घरधुरी सर्वेक्षणबाट प्राप्त भएको हो । यसमा आर्थिक प्रभावलाई वृहद् र सुक्ष्म तथा मानवविकासका कोणबाट अनुमान गर्न सकिन्छ । यी प्रभावलाई पीडिएनए दस्तावेजमा दुई छुट्टाछुट्टै भागमा समावेश गरिएको छ ।

यसबाहेक, केन्द्रीय तथ्यांक विभागले हालै सार्वजनिक गरेको राष्ट्रिय तथ्यांकलाई १५ आर्थिक क्षेत्रको असर मापनको आधार बनाइएको छ ।

क्षेत्रगत रुपमा गरिएको क्षतिको अनुमानमा आधारित रहेर हरेक क्षेत्रको पुनर्स्थापना र पुनर्निर्माणको विशिष्टीकृत ढङ्गले आवश्यकता प्रस्तुत गरिएको छ र कार्यान्वयनको व्यवस्था पनि सुझाइएको छ । यसमा क्षति भएको सम्पत्तिको पुनर्निर्माण लागत, सेवाको व्यवस्था, सुदृढ उपाय तथा जोखिम न्यनीकरण विधि समावेश छ । पुनरुत्थानको लागतलाई पुनर्स्थापनाका लागि आवश्यक लागतका आधारमा अनुमान गरिएको छ । लागत अनुमान गर्दा वित्तिय अनुशासन र पुनरुत्थानको स्वीकारयोग्य तहसम्मलाई ध्यानमा राखिएको छ । पुनरुत्थानको सम्पूर्ण लागत, जसमा क्षतिग्रस्त सम्पत्तिको पुनर्निर्माण लागत पनि समावेश छ - यो सम्पूर्ण क्षेत्रको पुनरुत्थानको कूल लागतबाट निकालिएको हो । सबै क्षेत्रको पुनरुत्थानका कार्यक्रमका लागि पीडीएनएले एउटा केन्द्रीय रणनीति पनि सुझाएको छ ।

विपद्पछिको आवश्यकता आँकलनका मुख्य साझेदारहरू

ADB

EUROPEAN UNION

JICA

UNITED NATIONS

WORLD BANK GROUP



नेपाल सरकार

राष्ट्रिय योजना आयोग

काठमाडौं, २०१५